**बैठक संख्याः २०८०/८१-६**

आज मिति २०८०/०८/०६ गते बुधबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. श्री चन्द्रा देवकोटा स म वि नि चौथो तह

२. श्री हेमा रेउले कास

## सिद्ध कुमारव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**ढोरचौर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**


प.स.२०८० । ८१
च.न.

**मिति २०८०/०८/०६ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. भुकम्प प्रभावितलाई प्रदान गरिएको राहत अनुमोदन सम्वन्धमा ।
३. अन्तर स्थानीय तह राहत सहायता सम्वन्धमा ।
४. अन्तर पालिका स्तरिय भलिवल प्रतियोगिता सहभागीलाई सहायता सम्बन्धमा ।
५. ना प्रा स चन्द्र बहादुर के सीको अध्यायन विदा स्विकृतीका लागी सिफारिस सम्बन्धमा ।
६. चौथो अध्यक्ष कप खेलकुद प्रतियोगितामा खटन पटन सम्बन्धमा ।
७. गाउँपालिकाको आवधिक योजना निर्माण सम्बन्धमा ।
८. सल्यान एस. के. निर्माण सेवा प्रा. लि. इजाजत सुचारु सम्बन्धमा ।
९. आर्थिक सहायता सम्बन्धमा ।
१०. विविध सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८०/०७/१२ गते बसेको गाउँ कार्यपालिकाको पाँचौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं २:**

मिति २०८०।०७।२५ गते राती ११:४७ बजे जाजरकोटको रामीडाँडामा केन्द्र विन्दु भएर गएको भुकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा ठुलो धनजनको क्षति भएको सन्दर्भमा जिल्ला समन्वय समिति सल्यानका प्रमुखको अध्यक्षतामा स्थानीय तह प्रमुखहरुको उपस्थितिमा बसेको बैठकको **सल्यान जिल्लाका सबै स्थानीय तहबाट रु २ लाखका दरले जिल्ला विपद समिति सल्यान मार्फत भुकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिमका जिल्ला विपद कोषमा सहायता गर्ने** निर्णय अनुसार यस सिद्ध कुमाख गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु २ लाख रकम सहायता गरि सकेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

मिति २०८०।०७।२५ गते राती ११:४७ बजे जाजरकोटको रामीडाँडामा केन्द्र विन्दु भएर गएको भुकम्पका कारण दार्मा गाउँपालिका सल्यानमा पनि धेरै भौतिक क्षति भएकोले यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट दार्मा गाउँपालिका सल्यानलाई रु ५०२११ विपद सहायता गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

जिल्ला भलिवल संघ सल्यानको आयोजनामा त्रिबेणी गाउँपालिकामा संचालन हुन गैरहेको अन्तरपालिका स्तरिय भलिवल प्रतियोगितामा यस यस गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहभागी हुने खेलाडीको विविध खर्च व्यवस्थापनका लागी गाउँपालिकाको अन्य सहायता शिर्षकबाट रु २५ हजार रकम सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

यस गाउँपालिका अन्तरगत नायब कृषि प्राविधिक श्री चन्द्र बहादुर के. सी. ले सुदुर पश्चिम विश्वविद्यालय द्धारा मिति २०८०।०७।१६ वि. एस्सी. एग्रिकल्चर अध्यायनका लागि लिएको परीक्षामा अतिरिक्त विद्यार्थी कोटा (१०) मा प्रबेश परीक्षा सफल भइ तलबी अध्यायन विदा पाउँ भनी निबेदन पेश गरेकोले निजलाई प्रचलित कानुन अनुसार कबुल गराई अध्यायन विदा स्वीकृतिका लागि कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय बिरेन्द्रनगर सुर्खेतमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं ६:**

मिति २०८०।०८।०७ देखि २०८०।०८।०९ सम्म गाउँपालिकाको आयोजनामा संचालन हुने चौथो अध्यक्ष कप खेलकुद प्रतियोगितालाई अनुशासित मर्यादित र व्यवस्थित तवरले संचालन गर्न सबै कार्यपालिका सदस्यहरु, खेलकुद विकास समितिका पदाधिकारीहरु र आवश्यक संख्यामा कर्माचारीहरुलाई जिम्मेवारी दिइ खटनपटन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको समग्र विकास योजनालाई व्यवस्थित र योजनाबद्ध रुपमा संचालन गर्नका लागि आगमी ५ वर्षे योजना तथा कार्यक्रम समेटिएको आवधिक योजना सबै वडा गाउँपालिका तथा अन्य सरोकारबाला समेतको सहभागितामा प्रचलित कानुन बमोजिम परामर्शदाता छनौट गरि चालु आवको बजेट तथा कार्यकर्म अनुसार निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:**

सल्यान एस. के. निर्माण सेवा प्रा. लि. सिद्ध कुमाख गा.पा. १ को निर्माण इजाजत पत्र आव २०७८ देखि हाल सम्म नविकरण नभएको र खारेज पनि नभएको अवस्थामा रहेको सन्दर्भमा संचालक श्री संजु कुमार बुढाथोकीले आवश्शक वक्यौता जरिमाना सहित फर्म नविकरण तथा संचालन अनुमति पाँउ भनि निबेदन पेश गरेकोले निज फर्मलाई नयाँ निर्माण इजाजत पत्र अनुमति सरह रकम तथा जरिमाना स्वरुप रु २५०००। रकम जरिमाना गरि नविकरण तथा संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | भेष बहादुर बुढाथोकी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | मानसिक स्वास्थ्य सम्बन्धी समस्या | रु १५ हजार मात्र |
| २ | शोभाराम गिरी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | आन्द्राको क्यान्सर | रु १५ हजार मात्र |
| ३ | प्रतिक्षा बुढाथोकी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | मुटुमा प्वाल परेको | रु १५ हजार |

**निर्णय नं १०:**

शिव गुफ्फा संरक्षण तथा व्यवस्थापन समिति बागचौर नपा १० मोख्ला बजार द्धारा श्रीकृष्ण जन्माष्टमीको उपलक्ष्यमा परम्परागत लाखे नाच आयोजना तथा व्यवस्थापन गर्दा भएको खर्च बापत रु १५ हजार रकम सहायता गर्ने निर्णय गरियो ।

**निर्णय नं ११:**

बेलाइती घारी सिचाई योजना संचालनका लागी केहि पाइप आवश्यक परेको भनी निबेदन प्राप्त भएकोले उक्त सिचाई योजनाको संचालक समितिलाई रु ५० हजार बरावरको पाइप खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।